१. आजको कार्यपालिका बैठककामा यस अघि भएको बैठकको विषयमा समिक्षा गरियो ।

२. आ.व. २०७७/०७८ मा टेण्डर भई ठेक्का सम्झौता भएका र काम सम्पन्न हुन बाँकी रहेका सम्पूर्ण कालोपत्रे, पुल, भवनहरुको निर्माण कार्य ०७८ पुस मसान्त सम्म सम्पन्न गर्न ठेक्का प्राप्त निर्माण व्यवसायिलाई निर्देशन दिने निर्णय गरियो । उक्त अवधि सम्म कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायिलाई प्रचलित कानून अनुसार कारवाही प्रक्रिया अघि बढाउने समेत निर्णय गरियो ।

३. स्वाराज कन्सल्टेन्सी शामाखुशी काठमाडौंबाट खैरहनी नगरपालिकाको वडा नं. २ र ३ को सिमानामा रहेको लदरी खोला पुलको विस्तृत परियोजना प्रतिवेदन ( DPR ) पेश हुन आएकोले सो प्रतिवेदन स्विकृत गरि आवश्यक बजेट मागको लागि प्रदेश पूर्वाधार विकास मन्त्रालय बागमती प्रदेश हेटौडा मकवानपुरमा पेश गर्ने निर्णय गरियो ।

४. यस कार्यालयबाट करारमा कर्मचारी लिने सम्बन्धमा मिति २०७८/६/७ मा प्रकाशित सूचना अनुसार दुई जना असिस्टेन्ट सब ईन्जिनियर र एक जना हलुका सवारी चालकका लागि विधि प्रकृया पुर्याई छनौट प्रक्रिया अघि बढाउन दिइएको निर्देशन अनुसार हालसम्म भएका सबै कामहरुको अनुमोदन गरी परीक्षामा उत्तीर्ण भएका उम्मेद्वारहरुको सिफारिस गरि सफल उम्मेद्वारहरुसँग करार सम्झौता गरी कामका लगाउने व्यवस्था मिलाउन पदपुर्ति समितिलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

५. मिति २०७८/७/२८ मा खैरहनी प्राथमिक स्वास्थ्य केन्द्रले समितिको निर्णय गराई एक जना रेडियो ग्राफर, एक जना फार्मेसी सहायक र एक जना कार्यालय सहयोगी कर्मचारी माग गरि छनौट प्रक्रिया अघि बढाई कर्मचारी छनौट गरी पठाइ दिन गरेको अनुरोध अनुसार खैरहनी प्राथमिक स्वास्थ्य केन्द्रबाटै तलब भत्ता पाउने गरी रेडियो ग्राफर र फार्मेसी सहायकको सूचना प्रकाशन गरी छनौट प्रक्रिया अघि बढाउन पदपुर्ति समितिले गरेका सबै कामहरुलाई अनुमोदन गरियो । साथै एक जना कार्यालय सहयोगी यस नगरपालिकासँग माग गरेको तर नगरपालिकामा कर्मचारी अभाव रहेकोले नगरपालिकाबाट तलब भत्ता पाउने गरी एक जना कार्यालय सहयोगीको छनौट प्रक्रिया पुरा गरि छनौट गरि उपलब्ध गराउन हालसम्म भएका सबै प्रक्रिया स्वीकृत गरि रेडीयोग्राफर, फार्मेसी सहायक र कार्यालय सहयोगी छनौट भएपछि सफल उम्मेद्वार सिफारिस गरी निजहरुसँग करार सम्झौता समेत गर्न र काममा लगाउन पदपुर्ति समितिलाई निर्देशन दिने निर्णय गरियो ।

६. मिति २०७४/११/६ गते मा दुर्घटनामा परी मर्मत गर्न भनी लोकोमोटिभ मोटर्स प्रा.लि. भरतपुर, चितवनमा लगिएको यस कार्यालयको नाउमा रहेको बा २ भ १३४४ नं. को गाडी मर्मत गर्दा धेरै खर्च लाग्ने भएकोले हाललाई उक्त गाडी दुर्घटनास्थलबाट मेशिनद्धारा उठाई मर्मत गर्न लगिएको स्थानसम्मको लाग्ने खर्च र पूनः यस कार्यालयको कम्पाउण्डसम्म ल्याई राख्न लाग्ने नियमानुसारको खर्च भुक्तानी दिने र दुर्घटनाग्रस्त बा २ भ १३४४ को गाडी हाललाई यसै कार्यालयको परिसरमा राख्ने समेत निर्णय गरियो ।

७. यस कार्यालयमा कार्यरत सवारी चालकहरुको लामो समयसम्म प्रोत्साहन भत्ता बृद्धी नभएको अवस्थामा निजहरुलाई आवश्यक परेको समयमा २४ घण्टा कामकाज लगाउने गरेकोले गत विगतमा खाइपाई आएको प्रोत्साहन भत्ता रु ५००० ( पाच हजार) बाट बृद्धि गरी रु ८००० ( आठ हजार ) पुर्याई मिति २०७८ साउन १ गतेदेखि लागु हुने गरी भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

प्रमुख
लालमणी चौधरी

खैरहनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खैरहनी, चितवन
बागमती प्रदेश
२०७३